(छ) कर वा गैर करमा छुट दिइएको विवरण,

(ज) अघिल्लो आर्थिक वर्षको वैदेशिक सहायता प्राप्तको विवरण।

१३. **राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने**: (१) दफा १२ बमोजिम तयार गरिएको प्रदेश सरकारको आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान तथा विधेयक अर्थ मन्त्रीले प्रत्येक वर्षको असार महिनाको एक गतेभित्र प्रदेश सभाको बैठकमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको राजस्व र व्ययको अनुमान पेश गर्नु अगावै अर्थ मन्त्रीले चालू आर्थिक वर्षको प्रदेशको आर्थिक सर्वेक्षण प्रदेश सभामा पेश गर्न सक्नेछ।

१४. **घाटा बजेट पेश गर्न सक्ने**: (१) दफा १३ बमोजिम पेश हुने राजस्व र व्ययको अनुमान आवश्यकता अनुसार घाटा बजेटको रूपमा पनि पेश गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेश गर्दा बजेट घाटा पूर्ति गर्ने स्रोत परिचालनको स्पष्ट आधार समेत खुलाउनु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासनिक खर्च बेहोर्न घाटा बजेट पेश गर्न सकिने छैन।

१५. **प्रदेशको समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण**: प्रदेशको समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण राजस्वको परिचालन, आन्तरिक तथा वैदेशिक ऋणको उपयोग, प्रदेश सरकारले लिने ओभरड्राफ्ट सम्बन्धी नीतिको आधारमा तोकिए बमोजिम गरिनेछ।

१६. **आयोजनाको वर्गीकरण र आयोजना बैङ्क**: (१) प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण नीति तथा योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्नेछ।

(२) नीति तथा योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहनेछ।

(३) उपदफा (२) बमोजिमको आयोजना बैङ्कमा नीति तथा योजना आयोगले तोकेको स्वीकृत मापदण्डको आधारमा सम्बन्धित प्रदेश मन्त्रालयले आयोजना प्रविष्टि गराउनु पर्नेछ।

(४) आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## बजेट निकासा, खर्च र नियन्त्रण

